# जीतपुरसिमरा उपमहानगरपालिका, नगरकार्यपालिकाको
## सत्ताईसौं बैठक

आज मिति २०७५।०७।१९ गते सोमवार दिउसो १२:३० बजे यस जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको सत्ताईसौं बैठक नगरप्रमुख श्री डा.कृष्ण प्र. पौडेलज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी प्रस्तावित बिषयहरुमा छलफल गरीयो ।

**उपस्थिति**

श्री डा. कृष्ण प्र. पौडेल, प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री सरस्वती चौधरी, उप-प्रमुख, जीतपुरसिमरा उपमहानगरपालिका

श्री हिरा ब. गुरुङ्ग, वडाध्यक्ष-१

श्री तिलक ब. श्रेष्ठ, वडाध्यक्ष-२

श्री जगन्नाथ घिमिरे, वडाध्यक्ष-३

श्री भोज ब. खत्री, वडाध्यक्ष-४

श्री मोहित चौधरी, वडाध्यक्ष-५

श्री कैमुदिन अंसारी, वडाध्यक्ष-६

श्री रामबाबु प्रसाद कलवार, वडाध्यक्ष-७

श्री रामबाबु राउत कुर्मी, वडाध्यक्ष-८

श्री प्रभु नाथ प्रसादचौधरी, वडाध्यक्ष-९

श्री सरोज कुमार राउत, वडाध्यक्ष-१०

श्री बिनोद प्रसाद यादव, वडाध्यक्ष-११

श्री लालबाबु प्रसाद चौधरी, वडाध्यक्ष-१२

श्री राजेन्द्र प्रसाद सिंह थारु, वडाध्यक्ष-१३

श्री रामशरण बर्तौला, वडाध्यक्ष-१४

श्री राम प्रसाद लामिछाने, वडाध्यक्ष- १५

श्री केदारनाथ बजगाई, वडाध्यक्ष- १६

श्री नवराज बहादुर खड्का, वडाध्यक्ष- १७

श्री अर्जुन प्रसाद दाहाल, वडाध्यक्ष- १८

श्री सुधन दास तत्मा, वडाध्यक्ष- १९

श्री रसुल मिया अंसारी, वडाध्यक्ष- २०

श्री कृष्ण बहादुर ठकुरी, वडाध्यक्ष- २१

श्री मणीकलाल थिङ्ग तामाङ्ग, वडाध्यक्ष- २२

श्री असलम देवान, वडाध्यक्ष- २३

श्री इलीयास देवान, वडाध्यक्ष- २४

श्री सुमित्रा कार्की, कार्यपालिका सदस्य

श्री रामदुलारी चौधरी, कार्यपालिका सदस्य

श्री सुन्दर बहादुर सुनार, कार्यपालिका सदस्य

श्री श्याम सुन्दर पासवान, कार्यपालिका सदस्य

श्री राजकुमार महरा, कार्यपालिका सदस्य

श्री अनिता देवी चौधरी, कार्यपालिका सदस्य

श्री सुभद्रा न्यौपाने, कार्यपालिका सदस्य

श्री कमल चौधरी, कार्यपालिका सदस्य

श्री शिवराज सेढाई-सचिव

अन्य उपस्थिती

श्री विस्मील्लाह अन्सारी, लेखा अधिकृत
श्री टेकेन्द्र अधिकारी, शाखा अधिकृत
श्री टिना सुवेदी, आलेप अधिकृत

श्री वीरेन्द्र वाईबा, ना.सु.

**प्रस्तावहरु:**

१. रिपोर्टिङ्ग तथा कार्य प्रगति सम्वन्धमा ।

२. तराइमधेश समृद्धी योजना सम्वन्धमा ।

३. मेशिन उपकरण परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि सम्वन्धमा ।

४. कार्यसम्पादन नियमावली संशोधन तथा विषयगत समिति गठन सम्वन्धमा ।

५. समुदाय प्रहरी साझेदारी सम्वन्धमा ।

६. खुला दिशामुक्त क्षेत्र अभियान सम्वन्धमा।

७. ५० प्रतिशत लागत सहभागिता सम्वन्धी नगरस्तरीय कार्यक्रम सम्वन्धमा।

८. नगर कार्यपालिका वैठक व्यवस्थापन सम्वन्धमा ।

९. विविध ।

## निर्णयहरु

१) उपमहानगरका समग्र गतिविधी, प्रशासनिक काम कार्यवाही तथा योजना सञ्चालन सम्वन्धमा हालसम्म भएका प्रगतिवारे प्रमुख श्री डा. कृष्ण प्र. पौडेल र प्रमुख प्रशासकीय अधिकृत श्री शिवराज सेढाईबाट जानकारी गराइयो।

२) सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तराइमधेश समद्धि परियोजना अन्तर्गत जीतपुरको गुदरीवजारमा रहेको भवन पुरा गर्नका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै सोको लागि उपमहानगरको समपूरक कोषबाट न्यूनतम १० प्रतिशत रकम वेहोर्ने निर्णय गरियो ।

३) मेशिन उपकरण परिचालन सम्वन्धी कार्यविधि २०७५ आगामी वैठकमा प्रस्तुत गर्ने निर्णय गरियो ।

४) कार्यसम्पादन नियमावली सशोधन र विषयगत समिति आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

५) समाजमा शान्ति सुरक्षाको प्रभावकारिताका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयबाट प्राप्त पत्र र कार्यविधि अनुरुप समुदाय प्रहरी साझेदारी कार्यक्रम अघि बढाउने निर्णय गरियो ।

६) ५० प्रतिशत जनसहभागिताको कार्यक्रमको प्रस्तावका लागि समुदायबाट सूचना मांग गर्ने निर्णय गरियो ।

७) खुला दिशामुक्त क्षेत्र अभियानलाई प्रभावकारी बनाउन वडा समितिहरुलाई प्रभावकारी रुपमा परिचालन गर्ने निर्णय गरियो ।

८) नगर कार्यपालिका एवं वडा समितिको वैठकलाई थप प्रभावकारी बनाउने सम्वन्धमा छलफल गरियो । तत् सम्बन्धमा अर्को बैठकमा थप छलफल गरी उपयुक्त निर्णय गर्ने ।

९) विविध

क) अवैध नदी उत्खनन र चोरी निकासीको क्रममा जरीवाना वापत असुल भएको रकममध्ये २५ प्रतिशत संवन्धित प्रहरी कार्यालयलाई उपलव्ध गराउने निर्णय गरियो ।

ख) ९ नं वडा समितिको पत्र अनुसार आ.व. ०७४/०७५ को सो वडाको गढीमाई मन्दिरको विवाह मण्डप निर्माण गर्ने योजनालाई यथावत बजेट सिमा भित्र रही नाला निर्माण गर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।

ग) दमकलमा कार्यरत चालक तथा हेल्परहरुलाई अतिरिक्त कामका लागि थप सुविधा उपलव्ध गराउने निर्णय गरियो। थप सुविधाको संयोजनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो। प्रशासकीय तथा प्राविधिक कर्मचारीको हकमा कार्यबोझका आधारमा बढीमा २५ प्रतिशत सम्म थप सुविधा उपलब्ध गर्ने निर्णय गरियो ।